# अनुसूची २

(दफा ४ तथा अनुसूची (१) को भाग- २ सँग सम्बन्धित)


## विराटनगर महानगरपालिका

## स्थानीय राजपत्र

खण्डः७ सङ्ख्याः१६ प्रकाशित मितिः२०८१/१२/२१


## भाग २

# महिलाहरुलाई तीन पाङ्ग्रे अटो तथा ई-रिक्साका लागि अनुदान एवम् बिउपुँजी वितरण सम्बन्धी मापदण्ड, २०८१

# महिलाहरुलाई तीन पाङ्ग्रे अटो तथा ई-रिक्साका लागि अनुदान एवम् बिउपुँजी वितरण सम्बन्धी मापदण्ड, २०८१

*प्रमाणीकरण मितिः २०८१/१०/०२*

**पृष्ठभूमि :-**

जबसम्म महिलाहरु आर्थिक रुपमा सवल र सक्षम हुदैनन तवसम्म महिलाहरुको सशक्तिकरण सम्भव पनि नहुने भएको हुदाँ आर्थिक रुपमा महिला  जागरुक भए गरिवीलाई समेत न्युनीकरण गर्ने सकिने सम्भावनालाई मध्यनजर गर्दै महिलामा सीप तथा आर्थिक सशक्तिकरण गर्न र लैङ्गिक समानाता कायम गर्ने मनसायले असहाय तथा गरीव परिवारका महिलाहरु छनौट गरि तीन चक्के अटो तथा ई-रिक्सा खरिदका लागि समेत अनुदान रकम उपलब्ध गराउने प्रयोजनका लागि विराटनगर महानगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी महिलाहरुलाई तीन पाङ्ग्रे अटो तथा ई-रिक्साका लागि अनुदान रकम एवम् बिउपुँजी वितरण सम्बन्धी मापदण्ड, २०८१ तयार गरी कार्यान्वयनमा ल्याइएको छ ।

## खण्ड १
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ :-**

१) यस मापदण्डको नाम "महिलाहरुलाई तीन पाङ्ग्रे अटो तथा ई-रिक्साका लागि अनुदान एवम् बिउपुँजी वितरण सम्बन्धी मापदण्ड, २०८१" रहेको छ ।

२) यो मापदण्ड तुरुन्त प्रारम्भ हुनेछ ।

**२. परिभाषा**

(क) **"महानगरपालिका"** भन्नाले विराटनगर महानगरपालिका भन्ने सम्झनु पर्छ।

(ख) **"प्रमुख"** भन्नाले विराटनगर महानगरपालिकाको प्रमुख भन्ने सम्झनु पर्छ।

(ग) **"उप-प्रमुख"** भन्नाले विराटनगर महानगरपालिकाको उप-प्रमुख भन्ने सम्झनु पर्छ।

(घ) **"प्रमुख प्रशासकिय अधिकृत"** भन्नाले विराटनगर महानगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत भन्ने सम्झनु पर्छ ।

(ङ) **"अनुदान रकम"** भन्नाले तीन पाङ्ग्रे अटो तथा सिटी रिक्सा खरिदका लागि महिलालाई अनुदान वापत उपलब्ध गराउने रकमलाई सम्झनु पर्छ ।

**३. अनुदान रकम उपलब्ध गराउने उद्देश्य :-**

- अनुदान मार्फत वेरोजगार महिलाको आर्थिक सशक्तिकरण गर्नुका साथै उनिहरुमा उद्यमशिलता अभिबृद्धि गर्ने ।महिलाहरुलाई आर्थिक रुपमा सवल र सक्षम बनाउने ।
- महिलाहरुमा बचत गर्ने बानीको विकासमा अभिप्रेरित गर्ने ।

- लक्षित वेरोजगार महिलालाई व्यवसाय सञ्चालन गर्न र भैरहेको व्यवसायलाई प्रवर्द्धन गर्ने ।
- गरीव तथा असहाय महिलाहरुलाई स्वरोजगार बनाई लैङ्गिक समानता तर्फ उन्मुख गराउने ।

४. **छनौटका आधार** :- विराटनगर महानगरपालिकाले देहायका आधारमा अनुदान रकम उपलब्ध गराईनेछ ।

  - सार्वजनिक सुचना आब्हान गरि सहभागी छनौट गरिनेछ ।
  - महानगरपालिकामा स्थायी वसोवास गरी रिक्शा तथा अटो चालक हुन ईच्छुक रहेका महिला।
  - ड्राइभिङ लाईसेन्स प्राप्त महिलालाई प्राथमिकता दिइनेछ।
  - वडा कार्यालयको सिफारीस पत्र ।
  - गरीब, विपन्न, हिसा पिडित तथा प्रभावित महिलालाई प्राथमिकता दिईनेछ।

५. **अनुदान रकमको प्रयोग** :- यस कार्यविधि बमोजिम अनुदान प्राप्त व्यक्तिलाई जुन प्रयोजनमा अनुदान रकम प्राप्त भएको हो सोहि प्रयोजनमा मात्र प्रयोग गर्नुपर्नेछ ।अन्य प्रयोजनमा अनुदान रकम प्रयोग भएको पाईएमा अनुदान रकम फिर्ता लिइनेछ ।

६. **अनुदान रकमको सिमा** :- रिक्शा चालक लाईशेन्स प्राप्त महिलालाई अटो तथा सिटी रिक्शा खरिद गर्ने प्रयोजनका लागि १ जना महिलालाई रु. १,००,०००/- (एकलाख रुपैयासम्म) अनुदान उपलब्ध गराइनेछ ।

७. **लाभान्वित व्यक्तिले संलग्न गर्नुपर्ने कागजातहरुः-**

- सार्वजनिक सुचना आब्हान गरी आवेदन पेश गर्ने महिलाहरु मध्येबाट निम्न आधारमा लाभान्वित व्यक्ति छनौट गरिने छ ।
- विराटनगर महानगरपालिकामा स्थायी वसोवास भएको महिला नेपाली नागरिक हुन पर्नेछ ।
- गत आर्थिक वर्षमा महानगरपालिका बाट कुनै पनि अनुदान रकम प्राप्त नगरेको महिला हुन पर्नेछ ।
- विराटनगर महानगरपालिकामा रिक्शा दर्ता गराउनु पर्नेछ ।
- समावेशिताको आधारमा दलित, मुस्लिम, आदिवासि तथा जनजाति, अपाङ्गता भएका व्यक्ति तथा मधेशी पिछडा वर्ग समुदायलाई पहिलो प्राथमिकता दिईनेछ ।
- अनुदान रकम लाभान्वित महिलाले सिटी सफारी किनेको पाटीमा नै रकम जम्मा गरिनेछ ।
- सिटी सफारी खरिद गरेको २ वर्षसम्म अनुदान प्राप्त सिटी सफारी खरिद बिक्री गर्न पाईने छैन।

८. **अनुगमन सम्बन्धी व्यवस्था** :- सिटी तथा अटो रिक्साको अवस्था सम्वन्धमा महानगरपालिकाले स्थलगत अनुगमन गर्नेछ।

# खण्ड २

## व्यवसाय गरिरहेका र गर्न ईच्छुक पिछडिएका हिंसा प्रभावित महिला तथा किशोरीहरुलाई आर्थिक सशक्तिकरणका लागि बिउँपुजि वितरण सम्वन्धी मापदण्ड

१. **व्यवसाय सञ्चालन कार्यक्रमको उद्देश्य** :-महिलालाई आर्थिक रुपमा सवल र सक्षम बनाई लैङ्गिक समानता कायम गर्ने मनसायले महिलाको सीप तथा आर्थिक सशक्तिकरण गर्ने उद्देश्य रहेको छ ।

२. **बिउँपुजी उपलब्ध गराईने** :- विराटनगर महानगरपालिकाले विपन्न ,हिसा पिडित महिला तथा किशोरीहरुलाई निम्न आधारमा व्यवसाय संचालनका लागि बिउँपुजी रकम वा सामान खरिद गरी उपलब्ध गराईनेछ

(क) महानगरपालिकामा स्थायी वसोवास गरेको महिला हुन पर्नेछ ।

(ख) साधारण लेखपढ गर्न जान्नु पर्नेछ

(ग) व्यवसायको प्रकृति हेरी महानगरपालिकामा व्यवसाय दर्ता गरेको महिला हुन पर्नेछ।

(घ) सम्बन्धित वडा कार्यालयको सिफारीस पत्र ।

(ङ) बिउँपुजी वितरणका लागि हिंसा पिडित महिला तथा गरिव विपन्न पिछडिएका महिलाहरुलाई पहिलो प्राथमिकता दिईनेछ।

(च) यस कार्यविधि बमोजिम अनुदान प्राप्त व्यक्तिलाई जुन प्रयोजनमा लागि अनुदान रकम वा सामान उपलव्ध गराएको सोहि काममा प्रयोग गर्नुपर्नेछ ।

(छ) अनुदान प्राप्त व्यक्तिले रकम प्राप्त गरेको १ महिना भित्र तोकिए बमोजिम कार्य गरी विराटनगर महानगरपालिकामा जानकारी गराउनु पर्नेछ ।

३. **अनुदान रकमको सिमा** :- व्यवसायको प्रकृती हेरी सामान खरिद गरी वितरण वा बढिमा रु ५०,०००/-(पचासहजार सम्म) अनुदान रकम उपलब्ध गराइनेछ ।

४. **अनुदान रकम उपलब्ध गराउने उद्देश्य :-** अनुदान रकम उपलब्ध गराई वेरोजगार महिला र किशोरीको उद्यमशिलता अभिबृद्धि हुने, बचत गर्ने बानीको विकास गर्न लक्षित व्यक्ति(महिला)लाई अभिप्रेरित गर्ने उद्देश्य रहेकोछ ।

- लक्षित वेरोजगार महिलालाई व्यवसाय सुरुवात गर्ने तथा भईरहेको व्यवसायलाई प्रवर्द्धन गर्न ।
- आफु स्वरोजगार बनि अरुलाई रोजगारीको सृजना गर्न सक्ने नमुना महिलाको रुपमा स्थापित हुन ।

५. **बीउँपुजिबाट लाभान्वित हुन सक्ने व्यक्तिः-**

- विराटनगर महानगरपालिका महिला तथा बालबालिका शाखामा आवेदन पेश गर्ने लक्षित महिलाहरु मध्येबाट निम्न आधारमा लाभान्वित व्यक्ति छनौट गरिने छ ।

- विराटनगर महानगरपालिकामा वसोवास गरी व्यवसाय गरेको र गर्न ईच्छुक महिला नेपाली नागरिक हुन पर्नेछ ।गत आर्थिक वर्षमा महानगरपालिका बाट कुनै पनि अनुदान रकम प्राप्त नगरेको महिला हुन पर्नेछ ।
- सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र आवश्यक पर्नेछ ।
- व्यवसायको प्रकृती हेरी दर्ता गर्नु पर्ने प्रकृतीको भएमा मात्र विराटनगर महानगरपालिकामा व्यवसाय दर्ता गराउनु पर्नेछ । नयाँ व्यवसायी हुन चाहने महिला/किशोरीका हकमा बिउँपुजी प्राप्त भए पश्चात व्यवसाय शुरु गरेको सुचना विराटनगर महानगरपालिकाको महिला बालबालिका शाखामा दिनुपर्ने छ ।बिउँपुजी वितरण गर्दा समावेशिकताको आधारमा दलित, गरीव तथा असहाय महिला, मुस्लिम, अपाङ्गता, आदिवासी तथा जनजाति तथा मधेशी समुदायलाई पहिलो प्राथमिकता दिईनेछ
- बैंक खातामा अनुदान रकम उपलब्ध गराइनेछ ।

६. **अनुगमन सम्बन्धी व्यवस्थाः** व्यवसाय संचालनका लागि अनुदान प्राप्त भए पछि महानगरपालिकाले स्थलगत अनुगमन गर्नेछ।

**आज्ञाले,**
**राम प्रसाद ढुङ्गेल**
**प्रमुख प्रशासकीय अधिकृत**